"पाँचखाल नगर-कृषि सहर"

# पाँचखाल नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पाँचखाल, काभ्रेपलाञ्चोक

बागमती प्रदेश, नेपाल

प.सं.: ०७७/७८

च.नं:

फोन नं. ०११-४९९४५१

फ्याक्स नं. ०११-४९९२३७

## पाँचखाल नगरपालिकाको अत्यन्त जरुरी सूचना

### मिति २०७७/०४/३०

कोरोना भाइरस कोभिड-१९ को संक्रमण दिनप्रतिदिन समाजमा बढ्दो अवस्थामा देखा पर्न थालेको र संक्रमण बढ्न सक्ने सम्भावना रहेकोले नगरवासिहरुको स्वास्थ्य सुरक्षालाई ध्यानमा राख्दै यस नगरपालिकाको कार्यालय तथा वडा कार्यलयबाट प्रवाह गरिने अत्यावश्यक सेवा वाहेकका अन्य सेवाहरु मिति २०७७/०४/३२ गते विहान १० बजे देखी २०७७/०५/०६ गते साझ ५ बजे सम्म पूर्ण रुपमा बन्द गर्ने तथा उक्त अवधिमा अत्यावश्यक सेवा (स्वास्थ्य,खाद्यन्न, दुध, तरकारी लगायत) विहान ६ वजे देखी विहान १० बजे सम्म खुल्ने र उक्त सेवा वाहेकका सम्पुर्ण अन्य सेवा (वित्तिय संघ संस्था, होटल, रेष्टुरेन्ट, सैलुन, व्युटीपार्लर, सिनेमाहल, पार्टी प्यालेस आदी) पूर्ण रुपमा बन्द गरिने पाँचखाल नगरपालिकाको मिति २०७७/०४/३० गते बसेको नगरकार्यापलिकाको वैठकबाट निर्णय भएको हुँदा उक्त अवधिमा सम्पुर्ण नगरवासी, संघ संस्था, व्यवसायीहरुले आ-आफ्नो तर्फबाट बन्द अवधि पुर्ण रुपमा पालना गरि अत्यावश्यक काम बाहेक अन्य काममा घर बाहिर ननिस्की कोरोना भाइरस कोभिड-१९ को संक्रमणबाट आफू बच्न र अरुलाई पनि बचाउनको लागि सहयोग पुऱ्याउनुहुन अनुरोध गर्दै नगरवासीहरुको जानकारीका लागि यो सूचना जारी गरिएको छ ।साथै बन्द अवधिभरमा नगरवासीहरुमा पर्न गएको असुविधाप्रति यस नगरपालिका क्षमा प्रार्थी छ ।

....................................

लोक बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

Website: panchkhalmun.gov.np | Email: panchkhal.municipality@gmail.com